# योजना सम्पन्न भै भुक्तानीको लागि आवश्यक कागजात तथा प्रकियाहरुः

१. उपभोक्ता समितिको भेलाबाट कार्य सम्पन्न भएको फरफारक गरी अन्तिम भुक्तानी माग तथा खर्च सार्वजनिक गर्ने निर्णय गरी भुक्तानीको लागि निवेदन ।
२. अनुगमन समितिको सम्झौता बमोजिम कार्य सम्पन्न भएको निर्णय सहितको प्रतिवेदन तथा नगरपालिकाबाट अनुगमन गर्नुपर्ने भएका अनुगमन समितिको प्रतिवेदन ।
३. योजनको प्राविधिक मूल्यांकन, नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन ।
४. सार्वजनिक परीक्षण प्रतिवेदन र खर्च सार्वजनिक फाराम भरेको प्रतिवेदन ।
५. डोरहाजिर फाराम(तोकिएको प्रतिशत भित्र रहने गरी भरेको हुनुपर्ने साथै समितिको अध्यक्ष सचिव र कोषाध्यक्षबाट प्रमाणित भएको हुनुपर्ने र डोरहाजिरमा सबै महल भर्नुपर्ने साथै काम गर्ने सबै किसिमका कामदारहरुको नागरिकता वा सवारी चालक अनुमती पत्र/मतदात परिचयपत्र/स्थायी लेखा नं. को प्रतिलिपी तथा अन्य परिचय खुल्ने कागजातसहित सम्पर्क नं. उपलब्ध गराउनु पर्नेछ ।)
६. योजनाको उपभोक्ता समितिको नाममा भ्याट बिल/बिल संलग्न हुनुपर्नेछ, साथै भर्पाई समितिको छापसहित अध्यक्षबाट प्रमाणित गरिएको हुनुपर्ने ।
७. सम्बन्धित वडाको सिफारिस पत्र ।
८. योजना सम्पन्न पश्चातको फोटो योजना तथा सूचना पाटीको फोटो/ठूला योजना/कार्यक्रमको हकमा भिडियो संलग्न हुनुपर्ने ।
९. पेश भएको सम्पूर्ण कागजात पछाडि समितिको अध्यक्षको सही र छाप लगाएको हुनुपर्ने ।
१०. उपभोक्ता समितिको स्वयं घोषणा फाराम भरेको हुनुपर्ने ।
११. उपभोक्ता समितिको लगत फाराम भरेको हुनुपर्ने ।
१२. सामान खरिद गरी बिल पेश भएको आपूर्तिकर्ता/व्यवसायी/फर्मको आ.व २०७९।०८० को कर चुक्ता र कर दर्ता प्रमाणपत्र सम्बन्धित नियकायबाट जारी भएको कारोबार अनुमती पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।
१३. कामसँग सम्बन्धित वस्तुहरुको खरिद वा आपूर्ति गर्नुपर्ने सम्बन्धित प्राविधिकबाट परिमाण एकिन गरी सोही अनुसारको बिल मात्र संलग्न गर्नुपर्नेछ ।
१४. मुख्य मुख्य काममा र जनप्रतिनिधिको उपस्थितिमा मात्र गराउनु पर्नेछ ।
१५. बजारबाट खरिद गरिने बस्तु वा सामान प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्ने र सो गुणस्तरीय हुनुपर्नेछ ।
१६. सोझै भुक्तानी EFT को लागि सम्बन्धित बैंकको नाम, खाता नं. र खातामा उल्लेख भएको नाम(अंग्रेजीमा) उपलब्ध गराउनुपर्ने ।
१७. उपभोक्ता समितिले सार्वजनिक सुनुवाई गराई सो को १ प्रति फोटो भुक्तानीमा संलग्न राख्नुपर्नेछ ।

बाह्रबिसे नगरपालिकाको कार्यालय,
बाह्रबिसे, सिन्धुपाल्चोक ।